# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**पुंजा, प्युठान**

**५ नं प्रदेश नेपाल**

## गौमुखी गाउँपालिका क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, आदि) संकलन/उत्खनन् तथा बिक्री सम्बन्धी सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०७६/०५/०२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र ६४ को प्रावधान एवं गौमुखी गाँउ कार्यपालिकाको निर्णय बमोजिम यस गाँउपालिका क्षेत्रभित्र कार्यालयले तोकेको दररेटका आधारमा वार्षिक न्युनतम रकमबाट बढाबढ हुने गरी चालु आ.व. २०७६/०७७ को लागी ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् तथा विक्री गर्ने प्रयोजनार्थ देहायका स्थानहरुमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्थाहरुबाट निम्नलिखित शर्तहरुका अधिनमा रहीआफ्नो फर्म/संस्था दर्ता/नविकरण प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र/स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित आवश्यक कागजातहरु संलग्न गरी रितपूर्वक पेश गर्न शिलबन्दी दरभाउ-पत्र आह्वान गरिएको छ ।

**देहाय**

| ठेक्का नं. | विवरण | न्युनतम अङ्क अग्रिम आ.क.र मु.अ.क. बाहेक | दरभाउ-पत्र फारम दस्तुर | धरौटी रकम | दरभाउ-पत्रखरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| ०७६/०७७/०१ | हर्यखोला- भैसीबुडे-सालिबिसौना ( नारिकोट-खुङ-लिवाङ) दोभान, फड्के ( खुङ-पुजा ) क्षेत्र, खुङ मसानघाट-पुजा मसानघाट क्षेत्र, सिरुङखोला क्षेत्र र अर्खाको हार्जाखोला क्षेत्र । | ३,२५,०००/- | १,०००/- | कबोल अंकको ५% (पाँच प्रतिशत) | १५ दिनभित्र |

१. गौमुखी गाँउकार्यपालिकाले नदि जन्यपदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, रोडा आदि) को प्रति क्यु फिट रु ४।०० (कर बाहेक) तोकेको हुँदा सो भन्दा बढि लिनदिन पाईने छैन ।

२. दरभाउ-पत्र सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र तोकिएको शुल्क बुझाई प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउ-पत्रहरु शिलबन्दी गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्ने छ। नियमअनुसार दर्ता हुन आएका दरभाउ-पत्रहरु सोही दिनको २:०० बजे दरभाउ-पत्रदाता वा नीजको आधिकारिक प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । दरभाउपत्रदाता उपस्थितीत नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा हुने छैन ।

३. दरभाउ-पत्र खरिद गर्दा निवेदन सहित फर्म वा संस्थाहरुले व्यवसाय दर्ता-नविकरण प्रमाणपत्र, स्थायी लेखा नं./मु.अ.करको प्रमाणपत्र र आ.व. २०७४/२०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ ।

४. दरभाउ-पत्र फारम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखी कवोल अङ्कको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल एसविआई बैंक ठुलावेसी प्युठानमा रहेको धरौटी खाता न ४१४९५२४१२०७००२ मा रकम जम्मा गरेको सक्कलै भौचर वा बैंकले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तीमा १२० दिनको म्याद भएको बैंक जमानी पत्र शीलबन्दी दरभाउ-पत्रसाथ पेश गर्नुपर्ने छ । कबोल गरेको रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखीएको रकमलाई मान्यता दिइने छ ।

५. दरभाउ-पत्र स्वीकृत भएपछि दरभाउ-पत्रदाताले मान्यता प्राप्त बैंकले यस कार्यालयका नाउँमा जारी गरेको कम्तीमा आगामी २०७७ श्रावण मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानीपत्र पेश गर्नुपर्ने छ ।

६. ठेक्का सम्झौता गर्दा कबोल अङ्कको मु.अ.कर १३% र अग्रिम १.५% रकम थप गरी सम्झौता रकम कायम गरीने छ ।

७. स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका बखत बुझाएमा औचीत्यका आधारमा १०% सम्म छुट ि दन सकिने छ ।

८. ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरी सम्झौता हुँदा ५०% र बाँकी ५०% रकम सम्झौता अवधीभित्र बुझाउनु पर्नेछ ।

९. कुनै सर्त राखिएको, रित नपुगेको, हुलाकबाट पठाइएको दरभाउ-पत्रमाथी कुनै कारवाही हुने छैन ।

१०. पेश भएका दरभाउ-पत्रहरु स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

११. व्यक्तिको निजी वा भोगचलनमा रहेको जग्गा, नदि/खोलामा राखिएका पुलहरुको ५०० मिटर तलमाथी सार्वजनिक महत्वको स्थान नजिक नदिजन्य पदार्थ उठाउन पाउने छैनन् ।

१२. नदिजन्यपदार्थ उत्खनन्/सङ्कलन गर्दा एक्साभेटर, डोजर, जे.सि.वी. लगाएतका हेभी मेसीनरी साधनहरु प्रयोग गर्न पाउने छैन ।

१३. नदीजन्यपदार्थको सङ्कलन/उत्खनन् कार्य विहान सुर्योदयदेखी वेलुका सुर्यास्त नहुँदा सम्म मात्र गर्न पाउने छ । नदीकिनार र सार्वजनीक स्थानमा घाटगद्धी पाइनेछैन । दरभाउ-पत्रदाताले आफ्नो जग्गाको छुट्टै व्यवस्था गरी घाटगद्धी गर्नुपर्नेछ ।

१४. सम्बन्धीतनिकायले तोकेको सडक सिमा र मापदण्ड भित्रका क्षेत्रमा नदीजन्यपदार्थ सङ्कलन वा सञ्चय तथा सामग्री बोकेका ढुवानीका साधनहरु पार्किङ गर्न, पानीले भिजेको र पानी चुहिने बालुवा बोकी ढुवानीका साधनहरु गुडाउन पाइने छैन । साथै ढुवानी गर्दा सामग्री छोपेर मात्र ढुवानी गर्नुपर्नेछ ।

१५. नेपाल सरकारको मौजुदा कानून अनुसार असार, श्रावण र भाद्र मसान्तसम्म नदिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्य गर्न नपाइने भएको हुँदा उक्त नियमको पूर्ण पालना गर्नुपर्नेछ ।

१६. कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाइ छुट वा मिनाहाको दावा गर्न पाइने छैन । नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् वा ढुवानी कार्य गर्दा विवाद उत्पन्नभएमा स्वंय दरभाउ-पत्रदाताले सुल्झाउनु पर्नेछ ।

१७. माथी उल्लेखीत शर्तहरुको अधिनमा रही कार्य नगरेमा वा गाउँपालिकालाई बुझाउनुपर्ने किस्ता तोकिएको समयमा नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाइनेछ । त्यस्तो अशुल गर्नुपर्ने रकममा १०% थप क्षतिपूर्ती जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१८. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । साथै कार्यालयको फोन नं. ९८५७८३६३१९ मा जानकारी लिन सकिनेछ ।

**राजिव पन्थी**

**प्रमुख प्रशासकिय अधिकृत**